# सामुदायिक माध्यमिक विद्यालयमा स्टेम प्रयोगशाला व्यवस्थापन सञ्चालन अनुदान कार्यविधि, २०७८

**प्रस्तावना**

वि.स. २०७६ को शिक्षा नीति कार्यान्वयन गर्ने क्रममा शिक्षा विकास निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार सामुदायिक माध्यमिक विद्यालयहरुमा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयलाई संस्थागत गरी शिक्षालाई प्रदेश विकासको लागि आवश्यक पर्ने मानव पूँजी निर्माण गर्ने सयन्त्रको रुपमा रुपान्तरण गर्ने, विद्यालय शिक्षाको सरलीकरणबाट गणित र विज्ञान विषयको नतिजामा सुधार ल्याउन तथा कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, नतिजामूलक बनाई स्रोत साधनको समुचित उपयोग गर्न बाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १०(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.यस कार्यविधिको नाम " सामुदायिक माध्यमिक विद्यालयमा स्टेम प्रयोगशाला व्यवस्थापन सञ्चालन अनुदान कार्यविधि, २०७८" रहेको छ

२ यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

(क) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ख) **"स्टेम शिक्षा"** भन्नाले विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका आधारभूत ज्ञानलाई एकीकृत सह सम्वन्धका माध्यमबाट कार्यान्वयनमा ल्याई विद्यालय शिक्षाको सवलीकरण गर्न सहयोग पुऱ्याउने शिक्षालाई सम्झनु पर्दछ ।

(ग) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडा नेपाललाई सम्झनु पर्दछ ।

(घ) **"निर्देशनालय"** भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा नेपाललाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य, सर्त र छनोट प्रकृया

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

क) बागमती प्रदेशका प्राविधिक धार र कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराइ रहेका माध्यमिक विद्यालयहरुमा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) अवधारणा कार्यान्वयन गर्ने

ख) विद्यार्थीहरुमा विज्ञान तथा प्रविधिबारे व्यक्तिगत अभिरुचिको विकास र प्रयोग गर्ने मञ्च उपलब्ध गराउने

ग) स्टेम अवधारणा सम्वन्धमा संस्थागत क्षमता भएका विश्वविद्यालयहरुको सहभागितामा छानिएका विद्यालयलाई अभिमुखीकरण गर्ने

घ) विज्ञान गणित विषयका शिक्षकहरुको क्षमता अभिवृध्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने

**४. सर्तः** (१) देहायका सर्तहरु पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई मात्र स्टेम प्रयोगशाला स्थापना गर्न छनोट गरिने छः

क) प्राविधिक धार र कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन भएको हुनु पर्नेछ

ख) विद्यालयले कम्तिमा एउटा सुरक्षित तथा व्यवस्थित कक्षाकोठा उपलब्ध गराउनु पर्नेछ

ग) विद्यालयमा नियमित रुपमा विद्युत आपूर्तिको व्यवस्था भएको हुनु पर्नेछ

घ) इन्टरनेट जडान भएको/ इन्टरनेटको राम्रो सुविधा भएको हुनु पर्नेछ

ङ) यसभन्दा अगाडि सघ, प्रदेश र स्थानीय तहबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) प्रयोगशाला स्थापना गर्न बजेट उपलब्ध नभएको हुनुपर्ने ।

च) स्टेम शिक्षाको माध्यमबाट विद्यालय शिक्षाको सवलीकरणमा सहयोग गर्न विद्यालयको आवश्यकताका आधारमा पूर्वाधार सुधारका निम्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ-

- ल्याव तथा कक्षाकोठा सुदृढीकरण
- स्टेम सामग्री निर्माण सहयोग कार्यक्रम
- अध्ययन अनुसन्धान र प्रयोगमा उत्प्रेरित गर्नका लागि सहयोग
- विज्ञान, गणित विषयका शिक्षकलाई नतिजा सुधारका विषयमा तालिम प्रदान

छ) स्टेम कार्यक्रम कार्यान्वयनका लागि एउट विद्यालयमा बढीमा एकलाख पचहत्तरसम्म अनुदान उपलब्ध गराइने छ । सोको बाँडफाँड देहाय बमोजिम हुनेछः

१) ल्याब तथा कक्षाकोठा सुदृढीकरण एवम् स्टेम सामग्री निर्माणका लागि रु. ७५,०००/

२) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक अभिमुखीकरण रु. २५,०००/

३) विज्ञान र गणित शिक्षकलाई तालिम रु. ५०,०००/

४) स्टेम सम्वन्धि अध्ययन अनुसन्धान र विद्यार्थीलाई सामग्री सहयोग रु. २५,०००/

ज) प्राप्त अनुदान रकम दफा ४(१) को (छ) का कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

**५. छनोट प्रकृयाः**

**क)** दफा ४(१) को (क) अनुसारका विद्यालयहरुमध्ये जिल्लागत अनुमति प्राप्त मितिका आधारमा सबैभन्दा अगाडी अनुमति प्राप्त विद्यालयलाई प्राथमिकता दिइने ।

**ख)** प्रथम चरणमा प्रत्येक जिल्लाबाट न्यूनतम् एक/एक वटा पर्ने गरी ३० वटा विद्यालय छनोट गरिनेछ । बाँकी विद्यालयहरु चरणबध्द रुपमा छनोट गरिनेछ ।

**ग)** उल्लेखित विद्यालयहरुलाई अभिमुखीकरण तथा प्राविधिक सहयोग गर्न बागमती प्रदेश भित्रका विश्वविद्यालयहरुसंग प्रस्ताव पेश गर्न ७ दिनको समय दिई पत्राचार गरिनेछ ।

**घ** विद्यालयहरुलाई अभिमुखीकरण तथा प्राविधिक सहयोग गर्न पेश भएका प्रस्ताव मध्ये स्टेम अवधारणाको संस्थागत क्षमता, पूर्वाधार र विज्ञ जनशक्तिको उपलब्धताका आधारमा प्रस्ताव मूल्याङ्कन गरी विश्वविद्यालय छनोट गरी रोष्टर तयार गरिनेछ ।

## परिच्छेद-४
## कार्यक्रम सञ्चालन विधि र पालना गर्नु पर्ने सर्तहरू

**६. कार्यक्रम सञ्चालन विधि र पालना गर्नु पर्ने सर्तहरूः**

क) छनोट भएको विश्वविद्यालयलाई स्टेम अवधारणा लागू गर्न माध्यमिक विद्यालयहरुको विवरण उपलब्ध गराउने

ख) छनोट भएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई स्टेम शिक्षा विषयमा अभिमुखीकरण गर्ने

ग) गणित, विज्ञान विषयका शिक्षकहरुलाई नतिजा सुधारका विषयमा तालिम प्रदान गर्ने

घ) तालिम प्रदान गर्नका लागि विश्वविद्यालयले अनुसूची- १ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयनको तालिका (Action plan) र बजेटको प्रस्ताव पेश गर्नुपर्ने छ।

ङ) प्रस्तावित कार्यक्रमलाई आधार मानी आवश्यकताका आधारमा विद्यालयले सम्वन्धित रोष्टरमा रहेका विश्वविद्यालयसंग प्राविधिक परामर्शका आधारमा कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता गर्नुपर्ने छ ।

च) विद्यालयले कार्यक्रम अनुगमनका लागि सम्बन्धित स्थानीय तहको प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि र शिक्षक प्रतिनिधि समेत रहेको एक अनुगमन समिति गठन गर्नुपर्ने छ ।

## परिच्छेद-५
## विविध

७. **विवरण पठाउनु पर्ने:** निर्देशनालयले स्टेम प्रयोगशाला स्थापनाका लागि छनोट गरिएको विश्वविद्यालयको विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

८. **लेखा तथा लेखापरीक्षण:** विद्यालयहरूले स्टेम प्रयोगशाला स्थापनाका लागि प्राप्त गरेको अनुदान रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

९. **सरकारी बाँकी सरह असुलउपर गरिने**: स्टेम प्रयोगशाला व्यवस्थापन अनुदान प्राप्त गर्ने विद्यालयहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिनेछ ।

१०. **प्रचलित कानुन बमोजिम हुने**: यस मापदण्डमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ६ को (ग) सँग सम्बन्धित)

विश्वविद्यालयको नामः ठेगानाः

क) STEM सम्बन्धी विवरणः

| क स | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|
| १ | STEM सम्बन्धि एकेडेमिक कोर्स सञ्चालन गरेको छ/छैन | |
| २ | जनशक्तिको व्यवस्था शिक्षक)/उप प्राध्यापक/ प्राध्यापक समेत गरी कति जना(छ छैन | |
| ३ | यस भन्दा अघि स्थानीय तहविद्यालयले सो कोर्स सञ्चालनमा / साझेदारी गरे/ नगरेको | |
| ४ | स्टेम सम्बन्धी अनुसन्धान गरेको छ/ छैन | |
| ५ | विश्वविद्यालयको आफ्नै स्टेम ल्याव भएको/ नभएको | |
| ६ | अनलाईन पद्धतिबाट स्टेम सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने क्षमता भएको आईसिटि ल्याब भएको/नभए | |
| ७ | स्टेम बाहेक शैक्षिक गुणस्तर अभिवृद्धिमा सामुदायिक माध्यमिक विद्यालय स्तरमा साझेदारी गरेको/नगरेको | |
| ८ | अन्य.............. | |
| ९ | | |

ख) सलग्न राख्नुपर्ने कागजातहरू

१) स्टेम कार्यक्रम सञ्चालन गर्ने अनुभवी जनशक्ति (शिक्षक । उप प्राध्यापक । प्राध्यापक भए नभएको

२) यस भन्दा अघि स्थानीय तह/विद्यालयले सो कोर्स सञ्चालनमा साझेदारी गरेको भए सोको प्रमाण

३) स्टेम सम्बन्धी अनुसन्धान गरेको भए सोको प्रमाण

४) स्टेम बाहेक शैक्षिक गुणस्तर अभिवृद्धिमा सामुदायिक माध्यमिक विद्यालय स्तरमा साझेदारी गरेको भए सोको प्रमाण

५) विश्वविद्यालयको आफ्नै स्टेम ल्याव भए नभएको सोको प्रमाण

६) विश्वविद्यालयले अनलाईन पद्धतिबाट स्टेम सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने क्षमता भएको आईसिटि ल्याब भए नभएको

७) तालिम प्रदान गर्नका लागि कार्यक्रम कार्यान्वयनको तालिका (Action plan) र बजेटको प्रस्ताव पेश गर्नुपर्ने छ।